

# अध्याय -१२

## एस्थर र मोरडेकाइ

यस अध्यायका मूल पदहरूः दानिएल १:१-१२; दानिएल ६:१-९; एस्थर २:१-१०,२०; एस्तर ३:१-१५; एस्तर ४:१-१४ र एस्थर ९:१-१२।

यस अध्यायको मूल सार पदः *"पृथ्वीको पल्लो छेउसम्म तिमीले मेरो उद्धार पुऱ्याओस् भनी अन्यजातिहरूकहाँ एउटा ज्योति पनि म तिमीलाई बनाउनेछु" यशैया ४९:६।*

बाइबलमा धेरै प्रेरणादायी विवरणहरू छन्। "संस्कार वा संस्कृतिलाई वारपार गरेर सेवाकार्य गर्नु"को प्रेरणादायी ज्वलन्त उदाहरण एस्थरको पुस्तकमा पाइन्छ। यस पुस्तकको बारेमा अनगिन्तियौं पुस्तक र लेखहरू छापिएका छन्। आजसम्म पनि एस्थर ९:२६-३१मा आधारित प्युरिम चाड धेरै यहूदीहरूले मनाउँछन्।

पर्सिया साम्राज्यको राजधानी सुसामा एस्थर र उनका मामाले बसोबास गरेका थिए। तिनीहरू यहूदीहरू थिए। अरूहरूसँगै तिनीहरूलाई पनि युद्धबन्दी बनाएर त्यहाँ ल्याएका थिए। पछि कतिपय यहूदीहरू आफ्नो देश यहूदामा फर्केपनि कतिपय अरू यहूदीहरूसँग आफूहरूलाई बन्दक बनाएको देशको भूमिमा नै एस्थर र उनको मामा बसोबास गरेका थिए।

अनि विभिन्न अचम्मको श्रृङ्खला वा परमेश्वरको अगुवाइमा एस्थर त्यही देशको महारानी बन्न पुग्छिन्। "राजालाई अरू सबै स्त्रीहरूभन्दा एस्थरलाई नै मन पऱ्यो। अनि राजाले अरू कन्ये-केटीहरूभन्दा तिनलाई निगाह र स्वीकृति

देखाए। उनले तिनको शिरमा राजकीय शिरपेच लगाइदिए, र वश्तीको सट्टामा तिनलाई आफ्नी रानी तुल्याए।" एस्थर २:१७।

यही भूमिकामा एस्थर चाहान्दा नचाहेतापनि बाइबलको इतिहासमा एक उल्लेखनीय भाग खेल्न पुगेकी थिइन्। परमेश्वरका जनहरू विदेशी वातावरणमा सत्यको साक्षी कसरी बन्न सकिने रहेछ भनेर अत्यन्तै विशेष तरिकाले यहाँ देखाउँछ।

*तपाईंको समय छ एस्थरको पुस्तक यो अध्याय अध्यन गर्नुभन्दा पहिला सरसरती पढ्नुहोस्।*

## १. विदेशको संस्कार वा संस्कृतिमा बन्दक

विदेशमा बन्धक भएर जानु कहिल्यै पनि सजिलो हुँदैन। पहिला बेबिलोनको अनि त्यसपछि पर्सिया साम्राज्यमा युद्ध बन्दी हुन पुगेका यहूदीहरूले कस्तो महाकष्ट पाए भन्ने विवरण बुझ्न आज हाम्रो निम्ति मुश्किल होला।

हामी कोही पनि एडेन्टिस्ट देशमा रहँदैनौं जहाँका नियमहरू हाम्रो आस्थाका नीतिहरूसँग मिल्दछ। यहूदीहरू आफ्नै देशबाट निकाला हुँदा अघि आफ्ना विश्वासका नीतिहरू देशका नीतिहरूसँग समावेश भएका थिए।

आफ्नो देशमा आफ्नो धार्मिक नीतिहरू देशका कानुनहरू नै भएकोले परमेश्वरप्रति बफादारी हुन सजिलो भएको थियो भनेर कतिपयले सोच्न सक्दछन्। देशकै नियमले हप्ताको सातौं दिन साबथलाई पालन गर्नुपर्छ भन्दछ भने त्यहाँ साबथ दिन पालन गर्न कस्तो सजिलो होला!

तर इस्राएलको पवित्र इतिहासमा, विश्वासको जुनसुकै अनुकुल अनुसार नियम बनाएतापनि यदि आस्था हृदयबाट जगाएन भने त्यहाँ पाप, भ्रष्ट, र विनाश निम्त्याएको देखाएको पाएको देख्छौं।

"परमप्रभुले यसो भन्नुहुन्छ, "यी मानिसहरू मुख देखाउन मेरो नजिक आउँछन् र ओठले मेरो आदर गर्छन्, तर तिनीहरूको हृदय भने मदेखि टाढ़ा छ। मप्रतिको तिनीहरूको आराधना केवल मानिसहरूले सिकाएका विधिहरू हुन्।" यशैया २९:१३।

त्यसको विपरित, जो मानिसहरू विश्वास तथा आस्थामा अडिग हुन चाहन्छन्, जुनसुकै प्रतिकूल वातावरणमा पनि परमेश्वरको आज्ञाहरूलाई शिरोपर गरेर नै चलेको हुन्छ। उदाहरणमा देहायका पदहरू पढ्नुहोस्ः

"यहूदाका राजा यहोयाकीमका शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा नबूकदनेसर यरूशलेममा आएर त्यसलाई घेरे। अनि परमप्रभुले परमेश्वरको भवनका केही भाँड़ाकुँड़ाहरूसहित यहूदाका राजा यहोयाकीमलाई तिनको हातमा सुम्पिदिनुभयो। ती भाँड़ाकुँड़ाहरू तिनले बेबिलोनियामा भएको आफ्ना देवताको मन्दिरमा लगे र देवताकै भण्डारमा राखे। तब राजाले प्रवासमा लगिएका इस्राएलीहरूमध्येबाट राजकीय खानदान र सभ्य खानदानका केही जवान मानिसहरू छान्नू भनी तिनका प्रमुख अधिकृत अशपेनजलाई हुकुम गरे। ती जवान मानिसहरू कुनै शारीरिक खोट नभएका, सुन्दर, हरकिसिमका शिक्षा सिक्ने क्षमता भएका, ज्ञानले परिपूर्ण भएका, छिटो सिक्न सक्ने र राजदरबारमा सेवा गर्नलाई योग्य हुनुपर्थ्यो। अशपेनजले उनीहरूलाई बेबिलोनीहरूका भाषा र साहित्य सिकाउनुपर्थ्यो। राजाले उनीहरूलाई राजदरबारमा खाने गरेका दैनिक खाना र दाखमद्य दिनू भनी अशपेनजलाई हुकुम गरे। उनीहरूलाई तीन वर्षसम्म तालीम दिनुपर्थ्यो, र त्यसपछि उनीहरू राजाको सेवामा प्रवेश गर्नुपर्थ्यो। यीमध्ये कोही यहूदाका कुलका थिएः दानिएल, हनन्याह, मीशाएल र अजर्याह। प्रमुख अधिकृतले तिनीहरूलाई नयाँ नाउँ दिए- दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक, मीशाएललाई मेशक र अजर्याहलाई अबेद्नगो। तर दानिएलले राजकीय भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे। अनि परमेश्वरले ती अधिकृतलाई दानिएलप्रति कृपा र सहानुभूति देखाउने तुल्याउनुभयो, तर अधिकृतले दानिएललाई भने, "तिमीहरूले खाने र पिउने कुराहरूका सम्बन्धमा मलाई खटाउनुहुने मेरा स्वामी महाराजादेखि म डराउँछु। तिमीहरूका उमेरका अरू जवानहरूभन्दा तिमीहरू उहाँको सामु किन कमसल अवस्थाका देखिनु र? तिमीहरूको कारणले गर्दा महाराजाले मेरो शिर उड़ाइदिनुहुनेछ।" त्यसपछि दानिएल, हनन्याह, मीशाएल र अजर्याहमाथि खटाइएका सुरक्षाकर्मीलाई दानिएलले भने, "कृपया, तपाईंका दासहरूलाई दश दिनसम्म जाँच्नुहोस्। हामीलाई खानका लागि सागपात र पिउनका लागि पानी मात्र दिनुहोस्।" दानिएल १:१-१२; "राजा नबूकदनेसरले तीस मिटर अग्लो र तीन मिटर चौड़ा भएको सुनको एक मूर्ति बनाए र त्यसलाई बेबिलोनको प्रदेशमा स्थित दूरा नाम गरेको मैदानमा स्थापना गरे। त्यसपछि उनले त्यस मूर्ति अर्पण

गर्नलाई प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यपाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरूलाई भेला गरे। यसकारण प्रान्तका बड़ाहाकिम, इलाका अधिकारी, राज्यकाल, सल्लाहकार, कोषाध्यक्ष, उच्च न्यायाधीश, तल्लो अदालतका न्यायाधीश तथा सम्पूर्ण प्रान्तीय अधिकृतहरू राजा नबूकदनेसरले खड़ा गरेको त्यस मूर्तिलाई अर्पण गर्न भेला भए र त्यसको अगि उभिए। तब सो कुराको घोषणा गर्नेले चर्को स्वरमा कराएर भन्यो, "हे मानिसहरू, जातिहरू र विभिन्न भाषा बोल्नेहरू, तिमीहरूलाई यो हुकुम भएको छः तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाको स्वर सुन्ने बित्तिकै राजा नबूकदनेसरले स्थापना गर्नुभएको सुनका मूर्तिको अगि घोप्टो परेर तिमीहरू सबैले दण्डवत् गर्नुपर्छ। घोप्टो परेर दण्डवत् नगर्ने जोसुकै पनि तुरुन्तै दन्किरहेको आगोको भट्टीमा फालिनेछ।" यसैकारण नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्ने बित्तिकै विभिन्न भाषा बोल्ने जाति-जातिका मानिसहरू सबैले घोप्टो परेर नबूकदनेसर राजाले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत् गरे। यसै बेला केही ज्योतिषीहरू अगि सरेर यहूदीहरूका विरुद्धमा अभियोग लगाए। तिनीहरूले राजा नबूकदनेसरलाई भने, "महाराजा, अमर रहून्! हजूरले हुकुम गर्नुभएको छ, कि हरेक जसले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको स्वर सुन्छ, त्यसले घोप्टो परेर सुनको मूर्तिलाई दण्डवत् गर्नुपर्छ। अनि जसले घोप्टो परेर दण्डवत् गर्दैन, उसलाई दन्किएको आगोको भट्टीमा फालिनेछ। तर केही यहूदीहरू छन्, जसलाई हजूरले बेबिलोनको प्रान्तमाथि शासन गर्न नियुक्त गर्नुभयो, जसका नाउँ शद्रक, मेशक र अबेद्नगो हुन्। हे महाराजा, यिनीहरूले हजूरलाई टेर्दैनन्। यिनीहरू न त हजूरका देवताहरूलाई पुज्छन्, न हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्छन्।"

रीसले चूर भएर नबूकदनेसरले शद्रक, मेशक र अबेद्नगोलाई ल्याउने हुकुम गरे। यसकारण यी मानिसहरू राजाकहाँ ल्याइए, र नबूकदनेसरले तिनीहरूलाई भने, "ए शद्रक, मेशक अबेद्नगो, के यो कुरा सत्य हो, कि तिमीहरू मेरा देवताहरूको सेवा गर्दैनौ वा मैले स्थापना गरेको सुनको मूर्तिलाई दण्डवत्

गर्दैनौ? अब यदि तिमीहरूले नरसिङ्गा, बाँसुरी, वीणा, सारङ्गी, सितार, न्याउली-बाजा र सबै किसिमका बाजाहरूको आवाज सुन्ने बित्तिकै मैले बनाएको मूर्तिलाई दण्डवत् गर्न तयार भयौ भने धेरै राम्रो हुनेछ। तर यदि तिमीहरूले यसलाई दण्डवत् गरेनौ भने, तुरुन्तै दन्किरहेको आगोको भट्टीमा तिमीहरू फालिनेछौ। तब कुन देवताले तिमीहरूलाई मेरो हातबाट बचाउन सक्ला?" शद्रक, मेशक, र अबेद्नगोले राजालाई जवाफ दिए, "हे नबूकदनेसर, यससम्बन्धमा हजूरको अगि हाम्रो आफ्नै पक्षमा भन्नुपर्ने आवश्यकता केही छैन। हे महाराजा, यदि हामीहरू दन्किरहेको आगोको भट्टीमा फालियौं भने, हामीले सेवा गरेका परमेश्वरले हामीलाई यसबाट बचाउन सक्नुहुनेछ र हजूरको हातबाट छुटकारा दिनुहुनेछ। तर हामीलाई उहाँले यसो नगर्नुभए तापनि, हे महाराजा, हजूरका देवताहरूको सेवा गर्नेछैनौं न त हजूरले स्थापना गर्नुभएको सुनको मूर्तिलाई दण्डवत् गर्नेछौं भनी हजूरलाई थाहा होस् भन्ने हामी चाहन्छौं।"

तब शद्रक, मेशक र अबेद्नगोसित नबूकदनेसर रीसले चूर भए, र तिनीहरूप्रति उनको धारणा बद्लियो। उनले त्यस आगोको भट्टीलाई साधारणभन्दा सात गुणा चर्काउने हुकुम गरे, र उनका सेनाको सबभन्दा बलिया सिपाहीहरूमध्ये कोहीलाई शद्रक, मेशक र अबेद्नगोलाई बाँधेर दन्किएको आगोको भट्टीमा फ्याँकिदिन भनी आज्ञा गरे। तब यी मानिसहरू दौरा, सुरुवाल, टोपी र अन्य लुगाहरूसित बाँधिएर दन्किरहेको आगोको भट्टीमा फ्याँकिए। राजाको हुकुम यति जरूरी थियो र आगोको भट्टी यति तातो थियो कि आगोको ज्वालाले शद्रक, मेशक र अबेद्नगोलाई लैजाने सिपाहीहरूलाई भस्म पाऱ्यो, अनि यी तीन जना मानिसहरू दह्रिलो रूपमा बाँधिएकै अवस्थामा दन्किरहेको आगोको भट्टीमा परे।

त्यसपछि राजा नबूकदनेसरले आश्चर्यचकित हुँदै उफ्रेर आफ्ना सल्लाहकारहरूलाई सोधे, "के हामीले बाँधेर आगोमा फालेका तीन जना मानिसहरू होइनन् र?"

उनीहरूले जवाफ दिए, "निश्चय नै हो, महाराजा।" उनले भने, "हेर त, आगोभित्र चार जना मानिसहरू वरिपरि हिंड़िरहेका देख्दछु, तिनीहरू नबाँधिएका र कुनै हानि नभएका देखिन्छन्, र त्यो चौथोचाहिँ देवताहरूको पुत्रजस्तै देखिन्छ।"

तब नबूकदनेसरले दन्किएको आगोको भट्टीको ढोका नजिक गएर चिच्च्याए, "हे शद्रक, मेशक र अबेद्नगो, सर्वोच्च परमेश्वरका सेवक हो, बाहिर निस्केर आओ।" तब शद्रक, मेशक र अबेद्नगो आगोबाट बाहिर निस्केर आए, अनि प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र सल्लाहकारहरू तिनीहरूका वरिपरि भीड़ लागे। उनीहरूले देखे कि आगोले तिनीहरूका शरीरमा हानि पुऱ्याएको थिएन, न त तिनीहरूका शिरको रौं नै खहरिएको थियो, तिनीहरूका लुगालाई आगोले छोएको थिएन र तिनीहरूमा आगोको कुनै गन्धैसमेत थिएन। त्यसपछि नबूकदनेसरले भने, "शद्रक, मेशक र अबेद्नगोका परमेश्वरलाई प्रशंसा होस्, जसले आफ्ना दूतलाई पठाएर आफ्ना सेवकहरूलाई छुटकारा दिनुभयो। तिनीहरूले उहाँमाथि विश्वास गरे, र राजाको हुकुमलाई अस्वीकार गरी आफ्ना परमेश्वरलाई छोड़ेर कुनै देवतालाई सेवा गर्नु वा दण्डवत् गर्नुभन्दा बरु आफ्ना जीवन दिन तयार भए। यसकारण म यो उर्दी दिंदैछु कि कुनै पनि जातिका वा कुनै पनि भाषा बोल्ने मानिसहरूले शद्रक, मेशक र अबेद्नगोका परमेश्वरको विरुद्धमा केही भन्छन् भने, उनीहरू टुक्रा-टुक्रा पारी काटिनेछन् र उनीहरूका घर उजाड़ पारिनेछन्, किनभने यसरी कुनै पनि अर्को देवताले बचाउन सक्दैनन्।" त्यसपछि राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रान्तमा पदोन्नति गरिदिए।" दानिएल ३ र" सम्पूर्ण राज्यको शासन गर्नलाई एक सय बीस जना प्रान्तका बड़ाहाकिमहरू नियुक्त गर्न दारालाई मन लाग्यो। तीमाथि तीन जना अध्यक्ष नियुक्त गरिए, जसमध्ये दानिएल एक थिए। राजाको काममा हानि नहोस् भनेर ती प्रान्तका बड़ाहाकिमहरू उनीहरूप्रति उत्तरदायी गराइए। अब दानिएलले असाधारण गुणहरूद्वारा आफैलाई ती अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे। तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाईहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए। उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै थिए। अन्तमा ती मानिसहरूले भने, "हामीले यस दानिएलको विरुद्धमा अभियोगको लागि, उसका परमेश्वरको व्यवस्थासम्बन्धमा बाहेक, कुनै

पनि आधार कहिल्यै पाउन सक्नेछैनौं।" यसकारण अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरू एउटा समूह भई राजाकहाँ गएर भने, "हे महाराजा दारा, अमर रहून्! राजकीय अध्यक्षहरू, प्रान्तका बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र सल्लाहकारहरू, सबैले यो मन्जूर गरेका छन्, कि राजाले एउटा आदेश निकाल्नुपर्छ र त्यस आदेशलाई लागू गर्नुपर्छ, जसअनुसार आगामी तीस दिनसम्म हजूरबाहेक कुनै देवता वा मानिसलाई कसैले प्रार्थना गरे भने, हे महाराजा त्यस्ता व्यक्ति सिंहको खोरमा फालिनेछन्। अब हे महाराजा, लिखित रूपमा यो आदेश निकाल्नुहोस्, र खारिज हुन नसक्ने मादी र फारसीहरूका ऐनबमोजिम यो आदेश बदली हुनेछैन।" यसैकारण राजा दाराले लिखित रूपमा यो आदेश निकाले।

जब दानिएलले त्यो आदेश प्रकाशित भएको थाहा पाए, तिनी आफ्नो घरको माथिल्लो तलाको कोठामा गए, जहाँ झ्यालहरू यरूशलेमतिर खुला थिए। पहिलेजस्तै तिनी दिनमा तीन पल्ट घुँड़ा टेकी परमेश्वरलाई धन्यवाद दिँदै प्रार्थना गर्थे। तब ती मानिसहरू समूह बनाएर गए र दानिएलले परमेश्वरसँग सहायताको लागि प्रार्थना गरिरहेका उनीहरूले भेट्टाए। यसकारण उनीहरू राजाकहाँ गए र उनलाई उनको राजकीय आदेशको बारेमा भने, "हे महाराजा, के आगामी तीस दिनको अवधिभर जसले हजूरलाई बाहेक अन्य कुनै देवता वा मानिसलाई प्रार्थना गर्छ, त्यो सिंहको खोरमा फ्याँकिनेछ भनी हजूरले एउटा आदेश प्रकाशित गर्नुभएको छैन र?" राजाले जवाफ दिए, "हो, मादीहरू र फारसीहरूका ऐनबमोजिम, जुनचाहिँ खारिज हुन सक्दैन, त्यो आदेश स्थायी छ।" तब उनीहरूले राजालाई भने, "हे महाराजा, यहूदाबाट देशनिकाला गरिएकाहरूमध्ये एक जना दानिएलले हजूरको वा हजूरले लिखित रूपमा जारी गर्नुभएको आदेशको वास्ता गर्दैनन्। उनी अझै पनि दिनमा तीन पल्ट प्रार्थना गर्दछन्।" जब राजाले यो कुरा सुने, उनी अत्यन्त दुःखित भए। दानिएललाई छुटकारा दिने उनले निर्णय गरे र तिनलाई बचाउन सूर्यास्तसम्मै हरप्रयास गरे। त्यसपछि ती मानिसहरू समूह भएर राजाकहाँ गए र उनलाई भने, "हे महाराजा, याद गर्नुहोस् कि मादीहरू र फारसीहरूका ऐनबमोजिम राजाको कुनै पनि आदेश वा उर्दी बद्लन सकिँदैन।" यसकारण राजाले हुकुम दिए, र उनीहरूले दानिएललाई लिएर सिंहको खोरभित्र फालिदिए। राजाले दानिएललाई

भने, "तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई छुटकारा दिऊन्!" खोरको मुखमा एउटा ढुङ्गा ल्याएर राखियो, र दानिएलको अवस्थामा कुनै परिवर्तन नहोस् भनेर राजाले आफ्नो लालमोहर र उनका भारदारहरूका औँठीहरूको छाप लगाए। तब राजा आफ्नो दरबारमा फर्के र उनको सामु राखिएको खाना नखाई तथा कुनै मनोरञ्जनविना नै उनले त्यो रात बिताए। अनि उनलाई निद्रा लागेन।

बिहान झिसमिसेको पहिलो किरणमा नै राजा उठेर आतुरीसाथ सिंहको खोरतिर गए। जब उनी सिंहको खोरको नजिक आइपुगे, उनले दानिएललाई वेदनापूर्ण स्वरमा बोलाए, "ए दानिएल, जीवित परमेश्वरका सेवक, के तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई सिंहहरूबाट बचाउनुभएको छ?" दानिएलले उत्तर दिए, "महाराजा अमर रहून्! मेरा परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनुभयो, र उहाँले सिंहहरूका मुख थुनिदिनुभयो। तिनीहरूले मलाई कुनै चोट पुऱ्याएका छैनन्, किनभने उहाँको दृष्टिमा म निर्दोष भेट्टाइएँ। महाराजा, हजूरको सामु पनि मैले कुनै गल्ती गरेको छैनँ।"

राजा अत्यन्तै खुशी भएर दानिएललाई खोरबाट निकाल्ने आज्ञा दिए। अनि जब दानिएल खोरबाट निकालिए, तिनमा कुनै पनि चोट पाइएन, किनभने तिनले आफ्ना परमेश्वरमाथि भरोसा गरेका थिए।

दानिएललाई झूटो आरोप लगाउने मानिसहरू राजाको हुकुममा भित्र ल्याइए र श्रीमती र नानीहरूसमेत उनीहरू सिंहको खोरमा फ्याँकिए। अनि उनीहरू खोरको भूइँमा नपुग्दै सिंहहरूले उनीहरूमाथि झम्टेर उनीहरूका हड्डीहरूसमेत कर्याककुरुक पारेर खाए।

तब राजा दाराले साम्राज्यभित्रका हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूलाई यस्तो लेखेः "तिमीहरूलाई कल्याण होस्! म यो आदेश जारी गर्दछु कि मेरो राज्यभरका मानिसहरूले दानिएलका परमेश्वरको भय मान्नु र आदर गर्नुपर्छ।

"किनभने उहाँ जिउँदो परमेश्वर हुनुहुन्छ, र उहाँ सधैँभरि रहनुहुन्छ। उहाँको राज्य नष्ट हुनेछैन, उहाँका प्रभुत्वको अन्त कहिल्यै हुनेछैन। उहाँ छुटकारा दिनुहुन्छ र बचाउनुहुन्छ; उहाँ स्वर्गमा र पृथ्वीमा आश्चर्यकर्महरू गर्नुहुन्छ। उहाँले दानिएललाई सिंहहरूको शक्तिबाट छुटकारा दिनुभएको छ।"

यसकारण दाराको राज्यकाल र फारसी कोरेसको राज्यकालमा दानिएलको उन्नति भयो।" दानिएल ६।

**जुनसुकै विशेष परिस्थितिमा भएतापनि विदेशी संस्कारमा परमेश्वरका जनहरू रहनुपर्दा विभिन्न चुनौतीहरूको सामना गर्न वाध्य हुन्छ भनेर माथिका विवरणहरूले बताउँदछ।**

हामी जो भएतापनि वा जहाँ रहेतापनि केही हदसम्म हामी रहेको स्थानको वातावरणमा भिज्नुपर्ने हुन्छ। देशका नीतिहरूले होस् वा संस्कार वा संस्कृति होस् हाम्रो आस्था र भक्तिको जीवनशैलीमा असर पार्दछ। दानिएलमा लेखिएको विवरणहरूको अन्त्य सुखद नै भएतापनि कठिन परिस्थितिमा परमेश्वरका जनहरू उहाँप्रति बफादार हुन सक्छन् भनेर ती विवरणहरूले बताउँछ। ती विवरणमा दानिएल र उनका साथीहरूको जीवन नराम्रोसँग अन्त्य हुने भएतापनि तिनीहरू जे ठिक छ त्यही गर्न अडिग नै रहने थिए।

***तपाईं रहेको देशका संस्कार र संस्कृति कस्तो छ जसले तपाईंको आस्थालाई चुनौती दिइरहेको हुन्छ? त्यसलाई तपाईंले कसरी सामना गरिरहनुभएको छ?***

## २. विदेशी दरवारमा

बेबिलोनको पतन र मिड-पर्सियाको उदयपछि बिस्तारै धेरै यहूदीहरू आफ्ना पूर्खौली भूमिहरूमा फर्केका थिए। तर सबै जना फर्केन। केही यहूदीहरू विदेशमा नै भएतापनि आफ्ना बाबुबाजे बसोबास गरेको देशमै रहिरहे।

यो पृष्ठभूमिलाई मनमा राखेर एस्थरको कथालाई हामीले अघि बढाउनु पर्दछ। "यहाँ वर्णन गरिएका घटनाहरू अहासूरस राजाको पालामा भएका थिए। उनी त्यही अहासूरस थिए जसले भारतदेखि लिएर कूश देशसम्म एक सय सत्ताईस प्रान्तहरूमाथि राज्य गर्थे। त्यस बेला उनी आफ्नो राजधानी शूशनमा भएको राजसिंहासनबाट राजशासन गर्थे।" एस्थर १:१-२।

बडा महारानी बश्ती, राजाको छारो बनेको एस्थर १ अध्यायमा पढ्छौं। आफूले मन पराउन छोडेको महारानीको ठाउँमा अर्को महारानी राख्न राजाले प्रयास गरेका थिए। यही सन्दर्भमा एस्थर र उनको मामाको बारेमा पहिले देखा पर्छ।

एस्थर र मोर्देकैको परिस्थिति कस्तो थियो भनेर देहायका पदहरूमा लेखिएको छ, "पछि जब राजा अहासूरसको रीस मऱ्यो तब उनलाई रानी वश्ती र तिनले गरेको कामको विरुद्धमा निकालेको उर्दीको सम्झना भयो। यसैले राजाका निज सेवकहरूले भने, "हजूरको निम्ति सुन्दरी-सुन्दरी कन्ये-केटीहरू खोजीबक्सिओस्। हजूरले आफ्नो राज्यका सबै प्रान्तहरूबाट यी सबै सुन्दरी युवती कन्ये-केटीहरूलाई राजधानी शूशनको महिला-गृहमा ल्याउनलाई उच्च कर्मचारीहरू खटाइबक्सिओस्। तिनीहरूलाई महाराजाका स्त्रीहरूका जिम्मावाल नपुंसक हेगेको जिम्मामा दिइबक्सिओस्। सिङ्गारपटारका वस्तुहरू तिनीहरूलाई दिइऊन्। जुन युवती महाराजाको दृष्टिमा ग्रहणयोग्य हुनेछ, तिनैलाई वश्तीको सट्टामा रानी तुल्याइबक्सिओस्।" यो सल्लाह राजालाई मन पऱ्यो। उनले त्यहीबमोजिम गरे।

राजधानी शूशनमा मोर्दकै नाउँका एक यहूदी थिए। उनी याईरका छोरा, शिमीका नाति र कीशका पनाति बेन्यामीनको कुलका थिए, जुन कीशचाहिँ बेबिलोनका राजा नबूकदनेसरले यरूशलेमबाट यहूदाका राजा यहोयाकीनसँग कैदमा लगेकाहरूमध्ये एक थिए। मोर्दकैले आफ्ना काकाकी छोरी हदस्सा, अर्थात् एस्थरलाई धर्मपुत्री बनाएका थिए। एस्थरका माता-पिता थिएनन्। तिनी राम्री र सुन्दरी थिइन्। तिनका माता-पिताको मृत्युपछि मोर्दकैले तिनलाई आफ्नै छोरीजस्तै गरी पालेका थिए।

जब राजाको हुकुम र उर्दी प्रसार भयो, र हेगेको जिम्मामा दिनलाई धेरै ठिटीहरू राजधानी शूशनमा ल्याइए, तब एस्थर पनि स्त्रीहरूका जिम्मावाल हेगेको जिम्मामा दिन राजमहलमा लगिइन्। तिनलाई देखेर त्यो नपुंसक खुशी भयो, र एस्थरले त्यसबाट विशेष निगाह पाइन्। त्यसले तिनलाई तुरुन्तै खुशीसित सिङ्गारपटारका सामग्रीहरू र विशेष किसिमका खानेकुराको भाग जुटाइदियो। राजाको महलबाट सात जना चुनिएका सहेलीहरूलाई पनि त्यसले खटाइदियो। स्त्रीहरू बस्ने घरमा तिनलाई र तिनका सहेलीहरूलाई विशेष सुविधा पनि दिइयो।" एस्थर २:१-९।

मोर्देकै राज दरवारको कर्मचारी भएका थिए भनेर हामी देख्छौं। उनी राजाको दरवारको ढोकामा शायद सुरक्षा गार्डको रूपमा काम गर्दथे। उनी आफ्नी धर्मपुत्री वा भतिजी एस्थरसँगै शुशन सहरमा बस्दथे। तिनीहरूको कामले गर्दा र तिनीहरू जुन संस्कार र रहनसहनमा रहेका थिए, तिनीहरू

पर्सियाको संस्कृति वा समाजमा राम्रैसँग भिजेका थिए। एस्थरलाई राजाको सामु उभ्याउन सकेको कारणहरूमा त्यो पनि प्रमुख कारण हुन सक्छः **"तब एस्थर पनि स्त्रीहरूका जिम्मावाल हेगेको जिम्मामा दिन राजमहलमा लगिइन्। तिनलाई देखेर त्यो नपुंसक खुशी भयो, र एस्थरले त्यसबाट विशेष निगाह पाइन्।"** एस्थर २:८,९।

एस्थर २:१०-२० मा दरवारमा के भइरहेको थियो र मोर्दकैले एस्थरलाई के गर्नुपर्छ भनेर आदेश दिएका थिए भनेर यसरी उल्लेख गरिएको छ ,**"एस्थरले आफ्नो घराना र जातिको विषयमा कसैलाई बताएकी थिइनन्, किनभने त्यसो गर्न मोर्दकैले तिनलाई मनाही गरेका थिए। एस्थरलाई के कसो हुँदैछ सो जान्न मोर्दकै दिनहुँ महिला-गृहको आँगनबाट भएर जाने गर्थे।**

**छ महिना मूर्रको तेल दलेर र छ महिना अत्तर र सिङ्गारका वस्तुहरूले सिँगारिदिएर स्त्रीहरूलाई तयारी हुने तोकिएको पूरा समय बाह्र महिना थियो। समय पूरा भएपछि अहासूरस राजाकहाँ जाने हरेक युवतीको पालो आउँथ्यो। कुनै युवती घरबाट राजाको महलमा जाँदा त्यसले मागेको जेसुकै थोक त्यसलाई लान दिइन्थ्यो। बेलुका त्यो महलभित्र जान्थी र बिहान उपपत्नीहरूको जिम्मावाल राजाको नपुंसक शाश्गजको अधीनमा रहन महिला-गृहको अर्को भागमा फर्केर जान्थी। राजाले आफ्नो इच्छा प्रकट गरेर त्यसको नाउँ काढ़ीकन नबोलाउञ्जेल त्यो फेरि राजाकहाँ जान पाउँदिनथी।**

**जब मोर्दकैकी धर्मपुत्री, उनका काका अबीहेलकी छोरी एस्थरको राजाकहाँ जाने पालो आयो, तब तिनले स्त्रीहरूको जिम्मावाल राजाको नपुंसक हेगेले सल्लाह दिएका कुराबाहेक अरू केही लगिनन्। तिनलाई देख्ने सबैलाई एस्थरले मोहित गराइन्। अहासूरसका राज्यकालको सातौं वर्षको दशौं महिना, अर्थात् तेबेत महिनामा तिनी राजमहलमा राजा अहासूरसकहाँ लगिइन्।**

**राजालाई अरू सबै स्त्रीहरूभन्दा एस्थरलाई नै मन पर्‍यो। अनि राजाले अरू कन्ये-केटीहरूभन्दा तिनलाई निगाह र स्वीकृति देखाए। उनले तिनको शिरमा राजकीय शिरपेच लगाइदिए, र वश्तीको सट्टामा तिनलाई आफ्नी रानी तुल्याए। त्यसपछि राजाले आफ्ना सबै भारदार र अधिकारीहरूलाई एस्थरको सम्मानमा एउटा ठूलो भोज दिए। तिनले प्रान्तप्रान्तहरूमा बिदाको घोषणा गरेर राजाले दिनुपर्ने योग्यका उपहारहरू दिए।**

**दोस्रो पल्ट कन्ये-केटीहरू भेला गर्दा मोर्दकै राजाका दरबारको मूल ढोकामा उपस्थित थिए। मोर्दकैको आदेशअनुसार एस्थरले आफ्नो घराना र वंशको कुरा गुप्तमा राखेकी थिइन्। मोर्दकैको अधीनमा हुँदा उनले तिनलाई आदेश दिएझैं तिनले गरिन्।"**

आफ्नो पहिचान मोर्दकै र एस्चरले किन लुकाइ राखे भनेर माथिका पदहरूले नबताएतापनि त्यसको अनुमान गर्न हामीलाई सान्हो त छैन। तिनीहरू विदेशी संस्कार वा समाजमा थिए। आफ्नो धर्म, जातलाई खुलेआमा गरे तिनीहरूलाई मानिसहरूले शत्रुभाव राख्न सक्थे। त्यसकारण तिनीहरूले आफ्नो पहिचान गुपचुपमै राख्न बुद्धिमानी ठानेका थिए।

***कतिपय समयमा हाम्रो आस्थालाई खुलेआम घोषणा गर्नु किन बुद्धिमानी हुँदैन? हाम्रो आस्था हाम्रो व्यक्तिगत मामिला हो भनेर के सधैं गुपचुप राख्ने त?***

## ३. आफ्नो आस्थाप्रति प्रतिवद्ध भएको मोर्देकैले देखाउँछन्

विदेशमा रहेका मोर्देकै र एस्थर, यदि तिनीहरू परमेश्वरप्रति बफादार नै भएर बसे ढिलो वा चाँडो, तिनीहरू समस्यामा पर्न सक्थे। मोर्देकैको मामिलामा त्यही भएको थियो।

**एस्थर ३ अध्यायमा त्यस समस्यालाई खुलासा गरिएको छ। हेर्नुहोस," त्यसपछि राजा अहासूरसले अगागी हम्मदाताका छोरा हामानको दर्जा बढ़ाइदिएर तिनका सबै सङ्गी-भारदारहरूभन्दा तिनलाई श्रेष्ठ स्थान दिई उच्च पदमा राखे। यसैले राजदरबारको ढोकामा हुने अधिकारीहरू सबैले राजाको आज्ञाअनुसार हामानलाई घुँड़ा टेकेर दण्डवत् गर्थे। तर मोर्दकैले चाहिँ तिनलाई यसरी घुँड़ा टेकेर दण्डवत् गर्दैनथे। एक पल्ट राजदरबारका अधिकारीहरूले मोर्दकैलाई भने, "तपाईं किन राजाको आज्ञा उल्लङ्घन गर्नुहुन्छ?" उनीहरूले उनलाई दिनदिनै त्यही कुरा भन्थे। तर उनले उनीहरूको कुरा सुन्दैनथे। मोर्दकैले इन्कार गरेको कुरा हामानले सहन्छ कि सहँदैन भनी बुझ्नलाई उनीहरूले हामानलाई यो कुरा जनाइदिए। किनभने 'म एक यहूदी हुँ' भनी मोर्दकैले उनीहरूलाई भनिदिएका थिए।**

**मोर्दकैले तिनलाई घुँड़ा टेकी दण्डवत् नगरेको कुरा हामानले थाहा पाएर तिनी रीसले चूर भए। हामानले मोर्दकैका जात-भाइ को रहेछन् भनी थाहा पाएपछि तिनलाई मात्र हात हाल्न मन गरेनन्, र अहासूरसको समस्त राज्यका**

सबै यहूदीहरू, मोर्दकै र उनका सबै जातिलाई नै नाश गर्ने उपाय तिनले खोज्न लागे।

अहासूरस राजाको बाह्रौं वर्षको पहिलो महिना, अर्थात् नीसान महिनामा, हामानको सामु दिन र महिना तोक्नका निम्ति उनीहरूले चिट्ठा हाले। त्यस चिट्ठालाई "पूर" भन्थे। चिट्ठा बाह्रौं महिना, अर्थात् अदार महिनामा पऱ्यो।

तब हामानले राजा अहासूरसलाई भने, "हजूरको राज्यका समस्त प्रान्तमा धेरै मानिसहरूका बीचमा फैलिएको एउटा जाति छ। तिनीहरू अलग्गै बस्छन्। तिनीहरूका रीतिरिवाजहरू अरू सबै जातिका भन्दा बेग्लै छन्। तिनीहरूले हजूरका ऐनकानून पालन गर्दैनन्। हजूरले तिनीहरूलाई सहानुभूति देखाउनु उचित छैन। यदि महाराजाको इच्छा भए तिनीहरूका विनाशको निम्ति एउटा लिखित आज्ञा निकालिबक्सिओस्। यो काम गर्ने हजूरका कर्मचारीहरूका लागि म राजकोषमा जम्मा गर्न तीन लाख किलो चाँदी दिनेछु।"

तब राजाले आफ्नो छाप-औंठी आफ्नो औंलाबाट झिकेर यहूदीहरूको शत्रु अगागी हम्मदाताका छोरा हामानलाई दिए। उनले हामानलाई भने, "त्यो चाँदी आफूसँग राख। ती मानिसहरूप्रति तिमीलाई जे इच्छा लाग्छ त्यही गर।"

तब पहिलो महिनाको तेरौं दिनमा राजाका सचिवहरू बोलाइए। अनि हामानको आदेशअनुसार राजाका प्रान्तका बड़ाहाकिमहरू, विभिन्न प्रान्तका राज्यपालहरू र विभिन्न जातिका भारदारहरूलाई लिखित रूपमा हुकुम पठाइयो- हरेक प्रान्तमा त्यहाँकै लिपि र हरेक जातिलाई उनीहरूको आफ्नै भाषामा त्यो पठाइयो। राजा अहासूरसको नाउँमा त्यो निकालियो, र राजाकै छाप त्यसमा लगाइएको थियो। यसरी अदार भन्ने बाह्रौं महिनाको तेह्रौं दिनमा समस्त यहूदीहरूलाई, जवान, बूढ़ा, स्त्री, बाल-बालिकाहरू सबैलाई नाश गर्ने, मार्ने र तिनीहरूको नाउँनिशानै मेटिदिने अनि तिनीहरूका सम्पत्ति लुट्ने हुकुम राज्यका सारा प्रान्तहरूमा राजकीय दूतहरूद्वारा पठाइयो। त्यस दिनको निम्ति तयार हुनू भनी त्यो लिखित आज्ञाको एउटा नकल उर्दीको रूपमा हरेक प्रान्तमा घोषणा गरेर सबै मानिसहरूलाई प्रचार गर्नु थियो।

राजाको आज्ञामा ती राजकीय दूतहरू चाँड़ोभन्दा पनि चाँड़ो जान पठाइए। त्यो उर्दी राजधानी शूशनमा पनि प्रसार गरियो। त्यसपछि राजा र हामान पिउन बसे। तर शूशन सहरमा चाहिँ हलचल मच्चियो।"

राजा अहासुरसले हामानलाई पदोन्नति गरेर उनलाई राज्यको सबै शासन अधिकार सुम्पेका थिए। त्यो देशको प्रत्येक नागरिकले उनलाई ढोग गर्नुपर्ने उर्दी दिइएको थियो। तर मोर्देकैले उनलाई ढोग्न अस्वीकार गरे। यस मानिसको अगाडि मोर्देकैले किन घुँडा टेकेन भन्ने कारण बाइबलमा लेखिएको छैन। तर हामीलाई थाहा छ किन। उनी बफादारी यहूदी थिए। हामान आमलेकी आगागको बंशका थिए। प्रस्थानको समयदेखि नै अमेलिकीहरू इस्रायलीहरूको शत्रु थिए (प्रस्थान २५:१९)। कसरी बफादारी यहूदीले आफ्नो शत्रु अमेलिकीको सामु मोर्देकै घुँडा टेक्न सक्थे र? अझ परमेश्वरबाहेक कसैको सामु ननिहुरुनु वा नढोग्नु भन्न आज्ञालाई उनले कसरी पन्छाउन सक्थे र?

"एक पल्ट राजदरबारका अधिकारीहरूले मोर्दकैलाई भने, "तपाईं किन राजाको आज्ञा उल्लङ्घन गर्नुहुन्छ?" उनीहरूले उनलाई दिनदिनै त्यही कुरा भन्थे। तर उनले उनीहरूको कुरा सुन्दैनथे। मोर्दकैले इन्कार गरेको कुरा हामानले सहन्छ कि सहँदैन भनी बुझ्नलाई उनीहरूले हामानलाई यो कुरा जनाइदिए। किनभने 'म एक यहूदी हुँ' भनी मोर्दकैले उनीहरूलाई भनिदिएका थिए। "एस्थर ३:३,४। आफू स्वर्ग र पृथ्वीको सृष्टिकर्ता परमेश्वारको भक्त भएकोले कुनै पापी मानिसकोलाई ढोग्न वा पूजा गर्न नसकेको कुरा मोर्दैकैले भन्न अवसर पाएको हुनुपर्दछ। आफ्नो आस्थाको साक्षी उनले बकेका थिए। आफ्नो आस्थाप्रति अडिग भएकोले मोर्देकै र उनका जातिका मानिसहरू जोखिममा पर्न पुगेका थिए।

"दानिएल र उनका सहकर्मीहरू र मोर्देकैको कथाले यो बताउँदछ कि राजाका दरवारहरूमा भइरहेको नैतिक अन्धकारमा तिनीहरू चहकिलो नीतिवान व्यक्तिहरू थिए भनेर देखाएको थियो।" एलेन जी. ह्वाइट , **एडभेन्ट रिभ्यु एन्ड साबाथ हेराल्ड,** मे १३, १८८४।

यहूदीहरूप्रति रिस र डाहाले जुरमुरिएर हामानले तिनीहरूलाई नाश गर्न चाहेका थिए। तिनीहरू कस्ता थिए भनेर उनले राजाको सामु यसरी चुक्ली लगाउँछन्: "हजूरको राज्यका समस्त प्रान्तमा धेरै मानिसहरूका बीचमा फैलिएको एउटा जाति छ। तिनीहरू अलग्गै बस्छन्। तिनीहरूका रीतिरिवाजहरू अरू सबै जातिका भन्दा बेग्लै छन्। तिनीहरूले हजूरका ऐनकानून पालन गर्दैनन्। हजूरले तिनीहरूलाई सहानुभूति देखाउनु उचित

छैन। यदि महाराजाको इच्छा भए तिनीहरूका विनाशको निम्ति एउटा लिखित आज्ञा निकालिबक्सिओस्। यो काम गर्ने हजूरका कर्मचारीहरूका लागि म राजकोषमा जम्मा गर्न तीन लाख किलो चाँदी दिनेछु।" एस्थर ३:८। मानिसहरूको रहनसहन एकदम फरक र त्यतिमात्र नभएर राजा र देशका ऐन कानुन नमान्ने? यो जस्तो सतावट पाउने बहाना अरू के होला?

***अहिले पनि हामीलाई मोर्दकैलाई जस्तो चुनौतीहरू हाम्रो अघि कसरी खडा भइरहेका छन्? तिनीहरूको सामना हामीले कसरी गर्ने?***

## ४. यस्तै समयको निम्ति

अब आफू पनि यहूदी हुँ भन्ने पहिचान दिने उपयुक्त समय आएको एस्थरले महसुस गरेकी एस्थर ४मा हामी यसरी पाउँछौं: " यी सबै कुरा सुनेर मोर्दकैले आफ्नो लुगा च्याते, अनि भाङ्ग्रा र खरानी लाएर चर्को सोरले विलाप गर्दै सहरका चारैतिर गए। उनी राजमहलका मूल ढोकासम्म मात्र गए, किनभने भाङ्ग्रा लाएको कुनै पनि मानिस मूल ढोकाबाट भएर भित्र जान पाउँदैनथ्यो। राजाको आज्ञा र उर्दी पुगेको हरेक प्रान्तमा यहूदीहरूका बीचमा उपवास, रुवाबासी, शोक र विलाप भयो। तिनीहरूमध्ये धेरै जना भाङ्ग्रा लाएर खरानीको ओछ्यानमा बसे। जब एस्थर रानीका चाकर्नी र नपुंसकहरूले आएर तिनलाई यो कुरा बताइदिए, तब तिनी व्याकुल भइन्। भाङ्ग्रा फुकालेर लुगा लगाउन भनी तिनले मोर्दकैको निम्ति लुगा पठाइदिइन्। तर उनले ती ग्रहण गर्न मानेनन्। तब एस्थरले आफ्नो सेवामा खटाइएको राजाको एक नपुंसक हताकलाई बोलाइपठाएर मोर्दकैलाई के दुःख पऱ्यो र किन त्यसो गरेको भनी मोर्दकैसित सोध्न हुकुम गरी पठाइन्।

हताक राजमहलको अगाड़ि भएको सहरको खुला चोकमा मोर्दकैकहाँ गए। मोर्दकैले आफूलाई के-कसो भएको छ ती सबै कुरा र हामानले यहूदीहरूलाई नाश गर्नका निम्ति कति पैसा राजकोषमा दिएको छ सो पनि हताकलाई बताइदिए। र मोर्दकैले त्यस विषयमा एस्थरलाई भनिदिन र राजाकहाँ गएर निगाह प्राप्त गरेर आफ्नो जातिको निम्ति बिन्ती चढ़ाउन भनी अनुरोध गरी शूशनमा तिनीहरूको सत्यनाशको लागि निकालिएको राजाज्ञाको एउटा नकल पनि एस्थरलाई देखाउन भनी पठाइदिए।

हताकले एस्थरकहाँ गएर मोर्दकैले भनेका कुरा बताइदियो। अनि तिनले हताकद्वारा फेरि यो समाचार दिएर पठाइन्, "राजाका सबै अधिकारीहरू र प्रान्तका सारा मानिसहरूलाई यो कुरा विदितै छ, कि यदि कुनै पुरुष वा स्त्री राजाको हुकुमविना राजाको उपस्थितिमा भित्री दरबारमा पस्छ भने त्यसको निम्ति एउटै मात्र कानून यही छ, कि राजाले आफ्नो सुनको राजदण्ड पसार्नुभएन भने त्यो मारिनेछ। अनि सुनको राजदण्ड पसार्नुभयो भने मात्र त्यो बाँच्नेछ। म आफैलाई पनि राजाकहाँ जाने हुकुम नभएको तीस दिन भइसक्यो।" तर जब एस्थरले भनेको कुरा मोर्दकैलाई सुनाइयो, तब उनले एस्थरकहाँ यही जवाफ भनिपठाएः "यो नसोच, कि तिमी राजमहलमा भएकीले सबै यहूदीहरूमध्ये तिमी मात्रै बाँच्नेछौ। यस्तो बेलामा तिमी चूपै लागी बस्यौ भने यहूदीहरूका निम्ति सहायता र छुटकारा अरूद्वारै आउनेछ। तर तिमी र तिम्रा पिताको घरानाचाहिँ नष्ट हुनेछन्। शायद यस्तै समयको निम्ति नै तिमी यो राजपदमा पुगेकी हौ कि?"

तब एस्थरले मोर्दकैकहाँ यस्तो जवाफ पठाइन्ः "गएर शूशनमा भेट्टाएका जति सबै यहूदीहरूलाई मेरो निम्ति उपवास बस्न भेला गर्नुहोस्। तीन दिन र तीन रातसम्म न त खानेकुरा खानुहोस् न पानी पिउनुहोस्। म र मेरा चाकर्नीहरू पनि तपाईंहरूजस्तै उपवास बस्नेछौं। त्यसपछि कानूनको विरुद्धै भए पनि म राजाकहाँ जानेछु। यदि मेरो नाश हुन्छ भने पनि होस्।" तब मोर्दकै गइहाले, र एस्थरले हुकुम गरेअनुसार नै गरे।"

हामानको षडयन्त्रमा आफू र सबै यहूदीहरूको हत्या हुने खबर पाएपछि त्यसबाट बच्न मोर्दकै एस्थरसँग गुहार माग्न पुग्छन्। राजा अहासुरससँग विवाह भएको धेरै वर्ष भइसकेको थियो। राजाको हुकम बिना कोही पनि राजाको सिँहासन अगाडि आउन नहुने पर्सियाको कानुन थियो। कसैले यो नियम पालन नगरि सरासर राजाकहाँ गयो भने उसलाई मार्न सक्थ्यो। त्यही नियमलाई जानेर पनि एस्थर राजाको सिंहासनमा उनको आदेशबिना पुगेकी थिइन्।

मोर्देकैको आस्थाले एस्थरको आस्था पनि जगाउन खोजिएको थियो। एस्थरको कथाको मूल केन्द्रबिन्दु मोर्दकैका शब्दहरू थिए, "तब उनले एस्थरकहाँ यही जवाफ भनिपठाएः "यो नसोच, कि तिमी राजमहलमा भएकीले सबै यहूदीहरूमध्ये तिमी मात्रै बाँच्नेछौ। यस्तो बेलामा तिमी चूपै लागी बस्यौ

भने यहूदीहरूका निम्ति सहायता र छुटकारा अरूद्वारै आउनेछ। तर तिमी र तिम्रा पिताको घरानाचाहिँ नष्ट हुनेछन्। शायद यस्तै समयको निम्ति नै तिमी यो राजपदमा पुगेकी हौ कि?" एस्थर ४:१३-१४।

आफ्ना मानिसहरूलाई करुणा देखाउन मोर्देकैको अनुरोधले एस्थरको आस्थाको परीक्षा गरिएको थियो। मोर्देकै बाहेक अरू कसैलाई पनि यो थाहा थिएन कि एस्थर यहूदी हुन्। जब आफू पनि यहूदीहरूको पहिचानमा समावेश हुने निर्णय गरेपछि आफ्नो जीवन जोखिममा पार्न उनी हिचकिचाइनन्।

परमेश्वरमाथि उनको आस्था बलियो थियो। उहाँको सहायता बिना उनी अघि बढ्न सक्दैनन् न त सफल नै हुन्छ भन्ने ज्ञान उनमा थियो। मोर्देकैलाई उनले दिएको जवाफले यो तथ्यलाई झल्काउँछ ,"गएर शूशनमा भेट्टाएका जति सबै यहूदीहरूलाई मेरो निम्ति उपवास बस्न भेला गर्नुहोस्। तीन दिन र तीन रातसम्म न त खानेकुरा खानुहोस् न पानी पिउनुहोस्। म र मेरा चाकर्नीहरू पनि तपाईंहरूजस्तै उपवास बस्नेछौं। त्यसपछि कानूनको विरुद्धै भए पनि म राजाकहाँ जानेछु। यदि मेरो नाश हुन्छ भने पनि होस्। "सुशान वा सुसामा भएका सम्पूर्ण यहूदी समुदायमा मोर्देकैले यो खबर पुऱ्याए। जब यहूदीहरुले उपवास बसे र प्रार्थना गरे तब एस्थरले खतराको क्षण सामना गर्न आफूलाई तयार पारिन्।

"तेस्रो दिन एस्थरले आफ्नो राजकीय पोशाक पहिरिन्, र राजमहलको भित्री आँगनमा उभिरहिन्। राजाचाहिँ सिंहासनमा बसेर मूल ढोकातिर फर्केका थिए। जब राजाले एस्थर रानीलाई आँगनमा उभिरहेकी देखे, तब राजाको निगाह तिनीमाथि भयो, र आफ्नो साथमा लिइराखेको सुनको राजदण्ड उनले तिनीतिर पसारे। तब अगि बढ़ेर एस्थरले राजदण्डको टुप्पालाई छोइन्। राजाले तिनलाई भने, "रानी एस्थर, तिमी के चाहन्छ्यौ? तिमी जेसुकै माग, मेरो आधा राज्यसम्म पनि म तिमीलाई दिनेछु।" एस्थरले भनिन्, "हे महाराजा, हजूरलाई असल लागे हजूरको निम्ति मैले तयार गरेको भोजमा आज हामानको साथमा हजूरको सवारी होस्।" एस्थरको इच्छा पूरा गर्न राजाले हामानलाई तुरुन्तै बोलाएर ल्याउने हुकुम गरे।

तब एस्थरले तयार गरेको भोजमा राजा र हामान गए। दाखमद्य पिउँदै राजाले एस्थरलाई फेरि भने, "तिमीले मलाई जेसुकै मागे पनि म तिमीलाई दिनेछु। तिम्रो माग के हो भन, मेरो आधा राज्यसम्म पनि म

तिमीलाई दिनेछु।" जवाफमा एस्थरले भनिन्, "मेरो बिन्ती र अनुरोध यही छः यदि मैले महाराजाको निगाह पाएकी छु, र यदि मैले मागेको कुरा दिनु र मैले चढ़ाएको बिन्ती पूरा गर्नु महाराजालाई असल लागे हजूर दुवैका निम्ति मैले तयार गरेको भोजमा हजूर महाराजा र हामान भोलि पनि आइबक्सिओस्। भोलि म महाराजालाई आफ्नो कुरा भन्नेछु।"

त्यस दिन हामान रमाउँदै र मनमा खुशी हुँदै गए। तर जब तिनले मोर्दकैलाई राजाको मूल ढोकामा र तिनको सामु खड़ा नभएका र नडराएका देखे, तब तिनी रीसले चूर भए। तर आफैलाई सह्मालेर तिनी घर गए। त्यसपछि तिनले आफ्ना मित्रहरू र आफ्नी पत्नी जेरेशलाई बोलाइपठाए, र तिनीहरूलाई आफ्ना धन-सम्पत्ति र धेरै छोराहरू भएको रवाफ, र राजाले तिनलाई उच्च पद दिएका र अरू भारदारहरू र अधिकारीहरूमा आफूलाई बढ़ी मान दिएका कुरा बताए। हामानले भने, "त्यति मात्र होइन, तर रानी एस्थरले तयार गर्नुभएको भोजमा राजासित जान मलाई मात्र रानीले निम्तो दिनुभयो। अनि राजासित जान भोलि पनि मलाई निम्तो दिनुभएको छ। तापनि त्यस यहूदी मोर्दकैलाई राजदरबारको मूल ढोकामा बसिरहेको देख्दा यी सबैले सन्तोषै लाग्दैन।" तब तिनकी पत्नी जेरेश र तिनका सबै मित्रहरूले तिनलाई भने, "पच्चीस मिटर अल्गो एउटा फाँसीको काठ खड़ा गर्नुहोस्, र बिहान मोर्दकैलाई त्यसमा झुण्ड्याउन राजासित बिन्ती गर्नुहोस्। त्यसपछि खुशीसित राजाकहाँ भोजमा जानुहोस्।" हामानलाई यो कुरो साह्रै असल लाग्यो, र तिनले त्यो फाँसीको काठ खड़ा गर्न लगाए।" एस्थर ५।

**जुन परिस्थिति यहूदीहरूले सामना गर्न गएका थिए त्यसको निम्ति तयार हुन उपवासमात्र होइन प्रार्थनाको पनि आवश्यक थियो। त्यसको अर्थ प्रार्थना तिनीहरूको राहत पाउनेको केन्द्रबिन्दु थिए। यसबाट हामीले के खुलेआमा पाठ सिक्न सक्छौं?**

## ५. प्युरिमको आश्चर्य

परमेश्वरको नाउँ एस्थरको पुस्तकमा उल्लेख गरिएको छैन भनेर हजारौं वर्षसम्म बाइबलका विद्वानहरूले टिप्पणी गरेका छन्। बाइबलको ६६ किताबहरूमा केवल यहीमात्र किताब हो जहाँ परमेश्वरको नाउँ देखा परेको छैन। तर परमेश्वरले तिनीहरूलाई ठूलो उद्धार गर्नुभएको थियो भनेर

यहूदीहरूले महसुस गर्न सफल भएको थियो। बाइबलको पुस्तकहरू एकत्रित पार्ने समूहले नै यस किताब बाइबल धर्मशास्त्रमा समावेश गरेको थियो।

हाम्रो दैनिक जीवनमा परमेश्वरको उपस्थितिलाई के हामीले महसुस गर्न सकेकाछौं त? परमेश्वरको काम साधारण र स्वभाविक घट्नाहरूमा सक्रिय भइरहेको हुन्छ। हामी सबैले हाम्रो क्रियाकलापमा उहाँको उपस्थित भएको महसुस गर्नु आवश्यक छ।

एस्थरको प्रयासको नतिजा के थियो? हेर्नुहोस्, **"बाह्रौं महिना, अर्थात् अदार महिनाको तेरौं दिनमा राजाको उर्दी पूरा गरिने दिन आइपुग्यो। त्यही दिन यहूदीहरूका शत्रुहरूले तिनीहरूलाई आफ्नो अधीनमा पार्ने आशा गरेका थिए। तर त्यसको विपरीत तिनीहरूलाई घृणा गर्नेहरूलाई यहूदीहरूले अधीन गर्ने दिन भयो। त्यस दिन तिनीहरूको सत्यनाश गर्न खोज्नेहरूमाथि आक्रमण गर्न राजा अहासूरसका सबै प्रान्तका सहरहरूमा यहूदीहरू सङ्गठित भएका थिए। तिनीहरूलाई कसैले विरोध गर्न सकेन, किनभने अरू सबै जातिका मानिसहरूमाथि तिनीहरूको डर परेको थियो। र मोर्दकैको डर तिनीहरूमाथि भएकोले गर्दा प्रान्त-प्रान्तका सबै भारदारहरू, बड़ाहाकिमहरू, राज्यपालहरू र राजकीय अध्यक्षहरूले यहूदीहरूलाई सघाए। राजदरबारमा मोर्दकै एक प्रमुख व्यक्ति भए, र उनी झन्-झन् शक्तिशाली भए र उनको ख्याति सबै प्रान्तहरूमा फिंजियो। यसरी यहूदीहरूले आफ्ना सबै शत्रुहरूलाई ठूलो मारकाट र विनाश गरेर तरवारले मारे। आफूलाई घृणा गर्नेहरूमाथि तिनीहरूले आफूखुशी गरे। राजधानी शूशनमा यहूदीहरूले पाँच सय पुरुषहरूलाई मारेर नाश गरे। तिनीहरूले पर्शन्दाता, दल्फोन, अस्पाता, पोराता, अदलिया, अरीदाता, पर्मशता, अरीशै, अरीदै र बैजाता, हम्मदाताको छोरा यहूदीहरूको शत्रु हामानका यी दशै जना छोराहरूलाई पनि मारे। तर तिनीहरूले लूटपीटमा हात लगाएनन्।**

**त्यसै दिन राजधानी शूशनमा मारिएकाहरूको संख्या राजालाई सुनाइयो। राजाले रानी एस्थरलाई भने, "राजधानी शूशनमा यहूदीहरूले पाँच सय मानिसहरूलाई र हामानका दशै जना छोराहरूलाई मारेर नाश पारेका छन्। राजाका अरू प्रान्तहरूमा तिनीहरूले के-के गरे होलान्? अझ भन, तिम्रो अरू बिन्ती के छ? त्यो तिमीलाई दिनेछु। तिमी के चाहन्छयौ, त्यो स्वीकार गरिनेछ।" एस्थरले उनलाई जवाफ दिइन्, "महाराजाको इच्छा भए आजको उर्दीअनुसार भोलि पनि यसै गरी शूशनमा यहूदीहरूले गर्न पाऊन् भन्ने मन्जूरी**

दिइबक्सिओस्। र हामानका ती दशै जना छोराहरूका लाश फाँसीको काठमा झुण्ड्याइऊन्।"

तब त्यसो गर्ने राजाले हुकुम दिए। शूशनमा उर्दी निकालियो, र हामानका दशै जना छोराहरूका लाश फाँसीको काठमा झुण्ड्याइए। अदार महिनाको चौधौं दिनमा यहूदीहरू फेरि सङ्गठित भएर शूशनमा तीन सय जना मानिसहरूलाई मारे। तर तिनीहरूले लूटपीटमा हात लगाएनन्। यसै बीचमा राजाका प्रान्तहरूका बाँकी यहूदीहरू आफूलाई रक्षा गर्न र आफ्ना शत्रुहरूबाट बचून् भनी सङ्गठित भएका थिए। तिनीहरूले पचहत्तर हजार जनालाई मारे, तर तिनीहरूले लूटपीटमा हात लगाएनन्। योचाहिँ अदार महिनाको तेरौं दिनमा गरियो। अनि चौधौं दिनमा तिनीहरूले विश्राम लिए। त्यो दिन एक चाड़ र हर्षको दिन मनाइयो।

शूशनका यहूदीहरूले चाहिँ त्यस महिनाको तेरौं र चौधौं दिनमा सङ्गठित भए र पन्ध्रौं दिनमा विश्राम लिए, र त्यस दिनलाई चाड़ र हर्षको दिन ठहराए।

यसैले टाढ़ा-टाढ़ाका गाउँहरूमा बस्ने यहूदीहरूले अदार महिनाको चौधौं दिन हर्ष र चाड़को दिन मनाउँछन्, र त्यस दिन तिनीहरू एक-अर्कालाई उपहारहरू पठाउँछन्। मोर्दकैले यी कुरा लिखित रूपमा प्रतिवेदन गरे, र राजा अहासूरसका समस्त प्रान्तहरूका टाढ़ा र नजिकका सबै यहूदीहरूलाई उनले यस्तो लेखेर पत्रहरू पठाए, कि वर्षेनी अदार महिनामा चौधौं र पन्ध्रौं दिन आफ्ना शत्रुहरूदेखि विश्राम पाएका समयझैं र तिनीहरूका निम्ति शोकबाट हर्ष र विलापबाट उत्सवमा परिवर्तन भएको महिनाझैं मनाउनलाई स्थापित गरे। तिनीहरूले ती दिन चाड़ र हर्ष, एक-अर्कालाई खानेकुराको सौगात पठाउने र गरीबहरूलाई उपहार दिने दिनझैं मनाउनुपर्छ भनी उनले लेखे।

यसैकारण मोर्दकैको पत्रअनुसार सुरु गरेको रीति कायम राख्नलाई यहूदीहरू सहमत भए। यो तिनीहरूले यसकारण गरे, किनभने सबै यहूदीहरूको शत्रु अगागी हम्मदाताको छोरा हामानले यहूदीहरूलाई नष्ट पार्ने हेतुले षड्यन्त्र रचेर कुनै एउटा दिनको लागि चिट्ठा हालेको थियो। त्यसलाई "पूर" (अर्थात् चिट्ठा) भनिन्थ्यो। तर जब यो षड्यन्त्र राजाकहाँ जाहेर भयो तब यहूदीहरूका विरुद्धमा हामानले रचेको त्यो खराब योजनालाई त्यसकै शिरमा राख्न र त्यो र त्यसका छोराहरूलाई फाँसीको काठमा झुण्ड्याउन राजाले लिखित हुकुम निकाले। (त्यसैकारण यी दिनहरूलाई "पूर" शब्दअनुसार "पूरीम" भनिन्थ्यो।) त्यस पत्रमा लेखेअनुसार र त्यस विषयमा तिनीहरूले देखेका र अनुभव गरेका

**कुराले गर्दा, यहूदीहरूले आफ्नै, आफ्ना सन्तानहरूका र तिनीहरूसँग मिल्नेहरू सबैका पक्षमा यी दुई दिनलाई वर्षेनी निर्दिष्ट रीतिबमोजिम र ठहराएको समयमा मनाउनुपर्छ, र पुस्तौंसम्म हरेक घरानाले हरेक प्रान्त र सहरमा यहूदीहरूका बीचमा पूरीमका दिनहरू मान्नैपर्छ र तिनको सम्झना तिनीहरूका सन्तानदरसन्तानहरूमा कहिल्यै नरोकिओस् भनी तिनीहरूले ठहराए। तब अबीहेलकी छोरी रानी एस्थर र यहूदी मोर्दकैले पूरीम विषयमा दोस्रो पत्र पूर्ण अधिकारसहित लेखे। यहूदी मोर्दकै र रानी एस्थरले यहूदीहरूका निम्ति उर्दी दिएझैं पूरीमका यी दिन तिनका ठहराएको समयमा मान्न बाध्य तुल्याउँदै राजा अहासूरसका एक सय सत्ताईस प्रान्तहरूमा शान्ति र सुरक्षाको शुभकामना प्रकट गर्दै सबै यहूदीहरूलाई पत्रहरू पठाए। त्यसै गरी यहूदीहरूले आफ्नै निम्ति र आफ्ना सन्तानहरूका निम्ति उपवास र विलापका नियमहरू तोकिदिए।**

**पूरीमको निम्ति यी नियमहरू एस्थरको उर्दीले पक्का गराइए, र ती विवरण लिखित रूपमा पुस्तकमा लेखेर राखिए।" एस्थर ९।**

पुरिमको आश्चर्य धेरै असाधारणरूपमा देखा पर्छ। त्यो आश्चर्य लुकिएर सम्पन्न हुन्छ मानौं त्यो स्वभाविक प्राकृतिक घट्ना हो। यहूदीहरूलाई नाश गर्ने कानुन खारेज भएको थिएन त। त्यसको ठाउँमा नयाँ कानुन लागु गरिएको थियो, यहूदीहरूले आफूहरूलाई सुरक्षा गर्न सक्ने वा प्रतिकार गर्न सकने कानुन बनाइएको थियो।

फेरि, त्यहाँ के भयो सो पनि ख्याल गर्नु जरुरी छ। ती घट्नाहरूद्वारा परमेश्वरले कसरी काम गर्नुभएको थियो सो देखाइएको छ। यहूदीहरूको निम्ति परमेश्वरले गर्नुभएको काम पर्सियाका बासीहरूले महसुस गरेका थिए।

***र त्यसको नतिजा?***

अरू देशका धेरै मानिसहरू यहूदी भए। एस्थर ८:१७। परमेश्वरबाट टाढिन पुगेका वा उहाँलाई विश्वास गर्न नचाहेका मानिसहरूलाई उहाँको ज्ञानमा कसरी आए भन्ने यो ज्वलन्त उदाहरण थियो।

परमेश्वरले काम गरिरहनुभएको थियो भनेर यहूदी अगुवाहरूले महसुस गर्न पुगेका थिए। जब यहूदीहरूले प्रतिकार गरेर विजयी भएका थिए तब तिनीहरूले त्यसको सम्झनाको निम्ति वार्षिक पर्व स्थापना गरे। त्यसलाई पुरिम भनिन्छ। अहिले पनि यहूदीहरूले त्यो चाड परमेश्वरलाई धन्यवाद दिन मनाउँछ। उहाँले गर्नुभएको उद्धारप्रति आभारित भएर त्यो पर्व मनाइन्छ।

**चुनौतीः** *परमेश्वरले तपाईंको निम्ति के गर्नुभयो सो अरूलाई सुनाउन साहस दिउन् भनेर प्रार्थना गर्नुहोस्।*

**चुनौतीको निरन्तरता:** *परमेश्वरले सानो वा ठूलो काम तपाईंको निम्ति गर्नुभएको टिपोट लेख्ने बानी सुरु गर्नुहोस्। त्यसलाई याद गरेर अरूहरुलाई सुनाउन अवसर मिलोस् भनेर प्रार्थना गर्नुहोस्।*

**उपसंहार:**

**थप जानकारी:** "येशूका प्रत्येक विश्वासी, प्रत्येक घरको मानिस, प्रत्येक स्कूल, प्रत्येक बाबुआमा, प्रत्येक शिक्षक, प्रत्येक युवा वा बालबालिका जसको हृदयमा सुसमाचारको ज्योति चम्किएको छ, इस्राएलको इतिहासमा महारानी एस्तरले सामना गर्नुपर्को संकटको क्षण जस्तै यो प्रश्न खडा गरिएको छ, कसलाई थाहा छ तिमी राज्यमा आएका छौ यस समयको निम्ति हो? " एलेन जी. ह्वाइट, *एजुकेशन,* पृ. २६३।

"एस्तर सुन्दरी यहूदी युवती थिइन्। उनी मोर्दकैकी भान्जी थिइन्। उनका बाबुआमा मरेपछि उनलाई आफ्नै घरमा आफ्नै छोरी जस्तै उनले प्यार गरेर लालनपालन गरेका थिए। पर्सियाको राज्यमा यहूदीहरूलाई बचाउन परमेश्वरले उनलाई प्रयोग गर्नुभएको थियो।" (यो भनाइ एलेन जी. ह्वाइट लेखेको त होइन तर डटरस अभ गड पृ. ४५ को भुमिकामा लेखिएको छ)।

"परमेश्वरका प्रतिनिधीहरू भएर खडा हुनेहरूबाट आफ्नो काम सम्पन्न गर्नुहुने उहाँका जनहरूसँग मिलेर समर्पित स्त्रीहरूलाई पौराणिक कालमा उहाँले प्रयोग गर्नुभएको थियो। उहाँले ठूला ठूला निर्णायक भूमिका खेलेर बिजयी हुन स्त्रीहरूलाई प्रयोग गर्नुभएको थियो। एक पल्ट भन्दा बढि उहाँले आपतकालमा तिनीहरूलाई अगाडि ल्याउनुभएको थियो। तिनीहरूबाट नै धेरै मानिसहरुको उद्धार गरिएको थियो। महारानी एस्तरबाट प्रभुले शक्तिशाली उद्धारको काम सम्पन्न गर्नुभएको थियो। कसैले पनि उद्धार गर्न नसक्ने देखिएपछि एस्तर र उनका स्त्री साथीहरू मिलेर प्रार्थना र उपवासबाट विपदको समयलाई सामना गरेका थिए। तिनीहरूको प्रयासमा परमेश्वरका जनहरूले उद्धार पाएका थिए।

"पुरानो करारमा स्त्रीहरूले खेलेको भूमिकाको बारेमा अध्ययन गर्नु जरुरी छ। परमेश्वरसँग मिलेर तिनीहरूले उहाँको काम सम्पन्न गरेका थिए। वर्तमान समयमा आपदहरूको सामना गर्नुपर्दा तिनीहरूले सिकाएका पाठहरू स्मरण गर्नु जरुरी छ। एस्तरलाई जस्तो संकट र महत्वपूर्ण स्थानमा हामी नपरौँला। तर, प्रायजसो परमेश्वरतिर नजर राखिरहने स्त्रीहरूबाट उहाँले महत्त्वपूर्ण काम सम्पन्न गर्न सक्नुहुन्छ। ती स्त्रीहरू नम्र भएर, पछाडि बसेर कसैले वास्ता नगरेको जस्तो देखिएला तर परमेश्वरको नजरबाट तिनीहरू लुकिएको हुँदैन। परमेश्वरले तिनीहरूबाट काम गरिरहनुभएको थियो भने अहिले पनि काम गर्न तिनीहरू तयार छन्।" एलेन जी. ह्वाइट, *डटरस् अभ गड,* पृ. ४५,४६।

**चिन्तनमनन:**

अ. हामीलाई धेरै जवाफ नदिएका केही प्रश्नहरू एस्थरको पुस्तकमा समावेश भएका छन्। राजाको दरवारमा एस्थरको भूमिका के थियो, त्यो हामीलाई थाहा छैन। उनी महारानीको पदमा आशिन हुन पुगेपनि राजाको सामु सिधै उनी किन जानसकेन, त्यो हामीलाई थाहा छैन। आफ्नो कारोबारमा उनले उनको आस्थासँग कसरी गरे?

आ. एस्थरको प्रख्यात भनाइ,"म नाश भएँ हुनपर्छ भने नाश हुनेछु" हजारौं वर्षसम्म प्रतिध्वनी भएर खडा भइरहेको छ। यो भनाइ परमेश्वरका करौडौं मानिसहरू मृत्युको मुखमा प्रयोग गरेका थिए। जब अन्तिम समयमा प्रकाश १३ का विषयहरू परमेश्वरका जनहरूले सामना गर्नुपर्ने वास्तविकतामा उनको भनाइलाई कसरी आत्मसात् गर्न सकिन्छ?

इ. कहिलेकाहीं हाम्रो विश्वास वा आस्थालाई लुकाइ राख्नुपर्नें हुन्छ, तर यो सधैं गर्न सकिन्छ र?

## कथा १२

## एउटा आज्ञालाई टार्नु

### नाथानियल

### घाना



पश्चिम अफ्रिकाको घाना देशमा आइतबारको दिन चर्चमा पास्टरले प्रचार गरेको वचन सुनेर सोऱ्ह वर्षको नाथनियल छक्क पऱ्यो। पास्टरले सबैको सामु बाइबलबाट पढिरहेका थिए। नाथनियल पनि पास्टरले पढेका अंशहरू आफ्नो बाइबलमा पढिरहेको थियो। प्रस्थान २० अध्यायमा लेखिएको दश आज्ञाहरू पास्टरले एक एक गरेर पढ्दै थियो। तर उनले एक आज्ञाचाहीँ पढेन।

प्रवचनपछि नाथनियलले चौथो आज्ञा उनले किन पढेन भनेर पास्टरलाई सोध्यो। "तिमीले जुन दिन आराधना गरेपनि हुन्छ। कुन दिनलाई पालन गर्नुपर्ने हो त्यसको महत्त्व छैन," पास्टरले जवाफ दिए। नाथानियल छक्क पऱ्यो। कुनै पनि आज्ञा मानेपनि नमानेपनि केही फरक पर्दैन भन्ने कुरो उसले कहिल्यै पनि सोचेको थिए। घरमा गएर चौथो आज्ञा फेरि पढ्यो। "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो" (प्रस्थान २०:८-११)।

साथीको अनुरोधमा साथीसँग नाथनियल आइतबार चर्चमा गएको थियो। अर्को आइतबार नाथनियल आफ्नै आइतबारे चर्चमा गयो र चौथो आज्ञाको बारेमा आफ्नो पास्टरलाई सोध्यो। उनले पनि जुन दिन आराधना गरेपनि हुन्छ भनेर जवाफ दिए।

बाइबलले नै जुन दिन आराधना गरेपनि हुन्छ भनेर कहाँ भन्छ भनेर उसले बाइबलमा खोजनीति गर्न थाल्यो। सत्य के हो सो थाहा दिन उसले

परमेश्वरसँग प्रार्थना गऱ्यो। त्यसको जवाफ उसले याकूब २:१०मा भेट्टायो। त्यसमा लेखिएको छ, "जसले सबै आज्ञाहरू पालन गर्छ तर एउटामामात्र चुक्यो भने उसले सबै आज्ञाहरू तोडेको ठहर्छ वा सबै आज्ञाहरू भङ्ग गरेको दोष उसलाई लाग्छ।" उसले गहिरिएर सोच्न थाल्यो। त्यसको अर्थ सातौं दिन साबथ वा शनिबार नै परमेश्वरको आराधना गर्ने उचित दिन रहेछ भन्ने निष्कर्ष निकाल्यो। नाथनियलले सेभेन्थ-डे एडभेन्टिस्टको बारेमा सुनेको थियो। अरू कुनै पनि चर्च शनिबारमा आराधना गरेको उसलाई थाहा थिएन। तर ऊ बसको सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च थिएन। उसले प्रार्थना गऱ्यो, "यदि तपाईंको निम्ति सातौं दिन महत्त्वपूर्ण छ भने मेरो गाउँमा सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई आउन दिनुहोस् र तिनीहरूले सुसमाचारीय प्रचार कार्यक्रम गरोस्। त्यो प्रार्थनाको जवाफ पायो भने त्यसले दुई कुराको प्रमाण गर्दछ भनेर उसले सोच्योः परमेश्वरले उसको प्रार्थना सुन्नुभयो र उहाँको निम्ति साबथ महत्त्वपूर्ण छ।"

उसले धेरै दिनसम्म त्यो प्रार्थना गरिनै रह्यो।

आठ महिना पछि उसको गाउँमा एडभेन्टिस्टहरू आए। तिनीहरूले सार्वजनिक सुसमाचारीय कार्यक्रमको आयोजना गरे। नाथनियल धेरै खुशी भयो। त्यो कार्यक्रमको अन्त्यमा नाथनियल र उसकी बहिनी सहित बप्तिस्मा लिए। त्यसबेला ५० जनाले बप्तिस्मा लिए र नाथनियलको गाउँमा नै सेभेन्थ-डे एडभेन्टिस्ट खोल्यो।

आज नाथनियल २३ वर्षको छ र शिक्षक हुन विश्वविद्यालयमा अध्ययन गर्दैछ।

"परमेश्वरले मेरो प्रार्थना सुन्नुभयो। एडभेन्टिस्टहरू मेरो गाउँमा आउनुभन्दा अघि नै थाहा नपाइकन म एडभेन्टिस्ट भइसकेको थिएँ," मुस्कुराएर नाथनियलले सुनायो।

*-आन्ड्र्यु मेकचेस्नी*